नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७८/०७९
च.नं. 6X

फोन :
फ्याक्स :

मिति : २०७८।०९।०१

विषय: सूचीकृत हुने सम्वन्धी सूचना ।

(सूचना प्रकाशन मिति २०७८।०९।०१)

कोभिड १९ का कारण विद्यालयहरू भौतिक रुपमा नियमित संचालन हुन नसक्दा अपाङ्गता भएका बालबालिकाहरुको सिकाइमा परेको असरलाई न्यूनीकरण गर्दै प्रविधिको प्रयोग गरी शिक्षामा बालबालिकाको पहुँचमा विस्तार गर्न यस आ.व. मा "Learning Portal र टेलिभिजनबाट प्रशारण हुने अपाङ्गता समावेशी सामग्री विकास" गर्ने कार्यक्रम भएकोले सुनाइ अपाङ्गता भएका बालबालिकाहरुका लागि स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्कमा आधारित भई पूरक सामग्रीको रुपमा ICT को प्रयोगमार्फत Learning Portal र टेलिभिजनबाट प्रशारण गर्न योग्य सांकेतिक भाषाका कक्षा १ देखि ३ सम्मका सबै विषयहरुको दृश्य पाठहरु उत्पादन गर्न कक्षागत र विषयगत विज्ञ तथा शिक्षकहरुको सूची तयार गर्न लागिएको व्यहोरा जानकारी गराउन चाहान्छौ। सो प्रयोजनका लागि सुनाइ अपाङ्गता भएका बालबालिकाहरुलाई सांकेतिक भाषामा पठनपाठन गराइ रहेका, साँकेतिक भाषाको राम्रो ज्ञान भएका र सम्बन्धित तहको न्यूनतम शैक्षिक योग्यता (माथिल्लो शैक्षिक योग्यता तालिमलाई प्राथमिकता)हासिल गरेको, विद्यार्थीहरुको स्तर, रुचि, उमेर समूह र क्षमता अनुसार उत्प्रेरणा प्रदान गर्न सक्ने तथा विषयगत ज्ञान, सिप र कला कौशलसहित अन्तरक्रियात्मक शैलीमा ICT को प्रयोग गरी साँकेतिक भाषाका माध्यमबाट शिक्षण गर्न सक्ने इच्छुक विज्ञ तथा शिक्षकहरुबाट सूचीकृत हुन मिति २०७८।०९।१५ गते भित्र देहाय बमोजिमका संलग्न गर्नु पर्ने विवरण आफैंले प्रमाणित गरी यसैसाथ संलग्न ढाँचा बमोजिमको निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । सूचीकृत हुन चाहाने विज्ञ तथा शिक्षकहरुले सम्पूर्ण कागजातको स्क्यान कपी इमेल ठेगानामा पठाउनु हुन वा आफैं आइ निवेदन दिन सकिनेछ ।

संलग्न गर्नु पर्ने विवरण:

१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

२. स्थायी अस्थायी शिक्षक नियुक्ति पत्रको प्रतिलिपि

३. शैक्षिक योग्यता र तालिमका प्रमाण-पत्रको प्रतिलिपि

४. सम्वन्धित कक्षा र विषय शिक्षण गर्दै आएको विद्यालयबाट प्रमाणित गरिएको पत्रको प्रतिलिपि

५. विज्ञहरुको हकमा सांकेतिक भाषामा शिक्षण गरिरहेका र कम्तिमा स्नातक तह उत्तीर्ण भएको हुनु पर्ने र बुँदा नं १ देखि ४ सम्मका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

थप जानकारीका लागि ९८६२७०२४२९, ९८५११६१३९२, ९८४३६९१६२३, ०१६६३४१८० मा सम्पर्क गर्न सकिनेछ।

इमेल ठेगाना : inclusivedoe@gmail.com,

दिव्या दवाडी, पिएचडी
निर्देशक

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**समावेशी शिक्षा शाखा**
**सानोठिमी, भक्तपुर**

प.सं.:- २०७८/०७९ फोन :
च.नं. फ्याक्स :

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

निवेदनको ढाँचा:

श्रीमान महानिर्देशक ज्यू मिति: २०७८।०९।
शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर।

विषय: सूचीकृत हुने सम्वन्धमा ।

प्रस्तुत विषयमा तहाँको मिति २०७८। । को सूचना अनुसार कक्षा...............विषय..................को साँकेतिक भाषाको पाठ उत्पादन कार्यमा विज्ञ/शिक्षकको रुपमा भूमिका निर्वाह गर्न इच्छुक भएकोले देहायका कागजातहरु संलग्न राखी उक्त कार्यका लागि सूचीकृत हुन यो निवेदन पेश गरेको छु ।

निवेदक
दस्तखत:
नाम:
विद्यालय ठेगाना:
सम्पर्क नं.:

तपसिल:
१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि
२. स्थायी /अस्थायी शिक्षक नियुक्ति पत्रको प्रतिलिपि
३. शैक्षिक योग्यता र तालिमका प्रमाण-पत्रको प्रतिलिपि
४. सम्वन्धित कक्षा र विषय शिक्षण गर्दै आएको विद्यालयबाट प्रमाणित गरिएको पत्रको प्रतिलिपि